वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ३४ २०८३ जेठ ०८ गते शुक्रबार, नेपाल सम्वत् ११४६ May 22, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'

भञ्ज्याङ bhanjyangnews.com

भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## पुल निर्माण अन्तिम चरणमा

तनहुँको व्यास नगरपालिका-५ र ७ जोड्न मोटरेबल पुल निर्माण कार्यले अन्तिम रूप लिएको छ । संघीय सरकारमार्फत सडक विभागअन्तर्गत एम/एस इन्द्रेणी निर्माण सेवा प्रालिले यो पुल निर्माण गरेको हो । १२५ मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल निर्माणका लागि विसं २०७९ पुस १४ मा रू २० करोड नौ लाख ५३ हजार तीन सयमा ठेक्का सम्झौता गरी विसं २०८२ पुस ६ मा सक्नुपर्ने भएपनि पुल निर्माणकार्यले अझै पूर्णता पाउन सकेको छैन । पुल निर्माणसंगै व्यास-५ चिन्दुटारका स्थानीय बढी लाभान्वित हुने भएका छन् । यस क्षेत्रमा पुग्न सडक भएपनि पुल नहुँदा घुम्ती बाटो प्रयोग गर्नुपर्ने बाध्यता हट्ने भएको छ ।

*तस्विर : भञ्ज्याङ*

# ट्राउट फार्मबाटै जीवन धान्दै, पर्यटक तान्दै गुरूङ दाजुभाइ

**हरिप्रसाद बाँस्तोला/गण्डकी**

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ भुर्जुङखोलास्थित मुलखेत कुनैबेला हिलो र झाडीले भरिएको थियो । धानबालीसमेत खासै फस्टाउँदैनथ्यो । तर हिजोआज त्यही ठाउँ प्रकृतिसँग रमाउँदै ट्राउट माछाको स्वाद लिने आकर्षक पर्यटकीय गन्तव्य बनेको छ । 'ज्ञान र सीप सिकेर स्वदेशमै फर्क साथी, त्यही सीपले देश उठाउनुछ माथि' भन्ने सन्देशमूलक सोचका साथ २०६७ सालमा जापान र बेलायतको सेवासुविधा त्यागेर स्वदेश फर्कनुभएका दुई दाजुभाइले सुरू गर्नुभएको 'गण्डकी ट्राउट फार्म' पछिल्लो समय मनग्य आम्दानी र रोजगार सृजनाको आधार बनेको हो ।

भारतीय सेनाबाट अवकाशप्राप्त भई लामो समय जापान बस्दै आउनुभएका कास्की रिभानका अमृत गुरूङ र धान्द्रुकमा जन्मी हङकङ, बेलायतको व्यापार व्यवसाय त्यागेर नेपाल फर्कनुभएका लच्छीन गुरूङले सो फार्म सुरू गर्नुभएको थियो । उहाँहरूबीच एउटा साझा सोच मिल्यो, 'विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्ने ।'

आफ्नै गाउँठाउँमा केही नयाँ व्यवसाय गर्ने अठोटका साथ नेपाल फर्किनु भएका उहाँहरूले पोखरा र आसपासमा ट्राउट माछापालनको सम्भावना खोज्नुभयो । अन्ततः माछापुच्छे-३ स्थित मूलको चिसो पानी र न्यूनतम १६ र अधिकतम १८ डिग्री सेल्सियस तापक्रम भएको स्थान ट्राउट माछाका लागि उपयुक्त देखेपछि २२ रोपनी जग्गा खरिद गरेर व्यवसाय सुरू गर्नुभएको थियो।

दुईवटा पोखरीबाट सुरू गरिएको गण्डकी ट्राउट फार्म आज विस्तार हुँदै ६० वटा पोखरीसम्म पुगेका छन् । तत्कालीन गण्डकी अञ्चलमै पहिलोपटक सुरू गरिएको यो ट्राउट फार्म अहिले सफल उदाहरणका रूपमा स्थापित भएको छ। यो प्रयास अहिले सबैका लागि उदाहरणीय बनेको छ। विदेशमा अवसर खोज्ने युवाका लागि यो त झनै फार्मले प्रेरणा दिएको छ ।

विशेषगरी ट्राउट माछा ओमेगा-३ पोषकतत्वले भरिपूर्ण हुन्छ, जसमा नरम काँडा भएका कारण ज्येष्ठ नागरिक र बालबालिकालाई पनि खान सजिलो हुनुका साथै जुन स्वास्थ्यका लागि लाभदायक मानिन्छ । यही कारणले गर्दा यो ट्राउट फार्म पछिल्लो समय पोखरा आउने आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्य बन्ने गरेको छ । दैनिक चार सय बढी पाहुना यहाँ आउने गर्छन् । शनिबार भने यो सङ्ख्या एक हजार ५०० नाघ्ने गरेको सञ्चालक लच्छीन गुरूङ बताउनु हुन्छ ।

फार्ममा एक केजी माछा पकाएको एक हजार ७०० लिने गरेको उहाँले बताउनुभयो । गुरूङले भन्नुभयो, "रेष्टुरेन्टसँगै आरामदायी कटेज पनि व्यवस्था गरिएको छ। रातमा बस्ने पाहुना थपिए भने पालको समेत व्यवस्था गरिन्छ, जसले पर्यटक थप आकर्षित हुने गरेका छन् ।" वार्षिक तीन करोड रूपैयाँबराबरको २५ टन माछा उत्पादन हुने गरेको उहाँले बताउनुभयो । उमेरले ६६ वर्षीय लच्छीन भन्नुहुन्छ, "फार्ममा अहिलेसम्म सात करोड लगानी भइसकेको छ । चौबीस जनाले दैनिक र १० जनाले अप्रत्यक्ष रूपमा रोजगार प्राप्त गरेका छन्।"

माग अत्यधिक भएपछि आफ्नै उत्पादनले मात्र अपुग हुने हुँदा आसपासका अन्य फार्मबाट पनि माछा खरिद गर्ने गरेको उहाँको भनाइ छ। यसबाहेक भुरा उत्पादनका लागि धान्द्रुकमा २५ लाख रूपैयाँ लगानीमा भुरा उत्पादनका लागि ह्याचरी निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।



अमृत भने ६५ वर्षको हुनुभयो। उहाँहरूको यो व्यवसायलाई निरन्तरता दिन परिवारको पूर्ण सहयोग रहेको अमृतले बताउनुभयो। उहाँका अनुसार नेपाल सरकार र विभिन्न स्वदेशी तथा विदेशी संघसंस्थाबाट पनि राम्रो सहयोग मिलेको छ ।

पोखरा आउने दुई प्रतिशत पर्यटक सो क्षेत्रमा पुर्‍याउन सकेमात्र पनि पर्यटकको एक दिनको बसाइ लम्ब्याउन र थप रोजगार सृजना गर्न सकिने उहाँले बताउनुभयो । सो स्थानसम्म पुग्न पोखरा पुरानो बजार महेन्द्रपुलबाट नदीपुर, बगर, लामाचौर अकला, पुरन्चौर हुँदै लगभग १७ किलोमिटर दूरी छ ।

*बाँकी तेश्रो पेजमा*

# भानुमा वडास्तरीय कृषि सञ्जाल गठन

**भञ्ज्याङ समाचारदाता/भानु**

कृषकहरूको हकहित संरक्षण, कृषि क्षेत्रको समग्र विकास तथा कृषकहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले तनहुँको भानु नगरपालिका-१ मा वडास्तरीय कृषि सञ्जाल गठन गरिएको छ।

वडाका कृषकहरूको उल्लेखनीय सहभागितामा कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धित विविध विषयमा छलफल गरिएको थियो। छलफलका क्रममा कृषकहरूले भोगिरहेका समस्या, कृषि क्षेत्रका विश्वास व्यक्त गरेका थिए।

भेलाले ऋषि अधिकारीको संयोजकत्वमा ११ सदस्यीय वडा स्तरीय कृषि सञ्जाल समिति चयन गरिएको छ। समितिको सहसंयोजकमा भवानी त्रिपाठी, सचिवमा सारदा पिया, सहसचिवमा सविता अधिकारी तथा कोषाध्यक्षमा अन्जु बानियाँ चयन भएका छन्। समितिका सदस्यहरूमा भगवान बोटे, अमृता तामाङ, निमा कुमारी भुजेल, रनसिंह तामाङ, सारदा कुमाल तथा सम्भु कुमार श्रेष्ठ रहेका छन्।




सम्भावना तथा आवश्यकताका विषयमा सुझाव संकलन गरिएको थियो । साथै, कृषकहरूलाई संगठित, सशक्त तथा आधुनिक एवं व्यवसायिक कृषितर्फ उन्मुख गराउने लक्ष्यका साथ सञ्जाल गठन गरिएको जनाइएको छ।

कार्यक्रममा कृषि उत्पादन वृद्धि, बजारीकरण व्यवस्थापन, प्रविधिमैत्री खेती प्रणालीको विकास तथा कृषि क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरूको समाधानका लागि कृषकहरूको साझा आवाजलाई सशक्त बनाउने विषयमा विशेष जोड दिइएको थियो । सहभागीहरूले सञ्जालमार्फत कृषकहरूबीच अनुभव आदानप्रदान, सूचना प्रवाह तथा क्षमता विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने

त्यसैगरी, सञ्जालको सल्लाहकार समितिमा वडा अध्यक्ष कान्छीमाया तामाङ, भानु नगर उद्योग वाणिज्य संघका सभापति कृष्णकुमार श्रेष्ठ तथा समाजसेवी विष्णुप्रसाद मिश्र चयन भएका छन्।

कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै कृषकहरूको उत्पादन वृद्धि, कृषि व्यवसायको प्रवर्द्धन, बजारीकरणको सहजता तथा कृषि क्षेत्रमा देखिएका समस्या समाधानमा सञ्जालले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको थियो। नवगठित सञ्जालले कृषकहरूको साझा हितका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै वडा नं. १ को कृषि विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# प्रवर्द्धनको पर्खाईमा ‘छिम्केश्वरी’

तनहुँकै सबैभन्दा अग्लो पहाड छिम्केश्वरी (२,१३४ मि.) केवल एक भौगोलिक संरचना मात्र होइन, इतिहास, संस्कृति र प्रकृतिको अनुपम उपहार हो । आँबुखैरेनी गाउँपालिका-५ मा अवस्थित यो चुली तल्लो महाभारत श्रृंखलाको पनि सम्भवतः सबभन्दा अग्लो शिखर मानिन्छ । फेदि गाईघाट (२०० मि.) देखि चुलीसम्म पाइने जैविक विविधता, प्राकृतिक छटा, बहुजातीय संस्कृति र धार्मिक आस्थाले यसको महत्व अझ बढाएको छ । चुलीमा शताब्दीयौं पुरानो छिम्केश्वरीमाई र बुढीदेवीको वासस्थल छ, जसको धार्मिक र सांस्कृतिक मूल्य अपार छ । यद्यपि, स्थानीयका अनुसार बुढीदेवीको मूर्ति हराइसकेको दुःखद तथ्य इतिहासको संरक्षणमा हाम्रो लापरबाहीकै उदाहरण हो । तर अझै पनि छिम्केश्वरीको शिखरमा पुगेपछि देखिने हिमाली श्रृंखला, पहाडी तरेली, समथर भित्री मधेस, चितवन राष्ट्रिय निकुञ्जदेखि त्रिशुली, मर्स्याङ्दी र सेती नदीका फाँटसम्म फैलिएको दृश्य अवर्णनीय छ । इतिहासमा फर्किंदा, यो भूभाग लिच्छवि राजा मानदेवको चाँगुनारायण अभिलेख (वि.सं. ५२१) मा उल्लेख हुन्छ । पछि यो क्षेत्र खस साम्राज्यको अधीनमा रह्यो र त्यसपश्चात गुरूङ र मगर शासकहरूको राज्य सञ्चालनमा आयो । वि.सं. १७५३ मा तनहुँका राजा दामोदर सेनले आफ्ना नाति नरभूपाल शाहलाई गोरखाको राजा बन्न सहज होस् भनेर छिम्केश्वरी भगवतीको पुरश्चरण गराएका थिए भन्ने ऐतिहासिक प्रमाणले यस स्थलको महत्व प्रष्ट्याउँछ।

छिम्केश्वरी जैविक विविधताको खानी हो । फेदीमा मयुर र गैंडाजस्ता उष्णकटिबन्दीय प्रजातिदेखि शिखरमा डाँफे र चौंरीसम्म बिचरण गर्न सक्ने वातावरण छ । झारल, घोरल, रतुवा मृग, चितुवा, बाँदरलगायत वन्यजन्तु र दर्जनौं चराचुरूङ्गी यस क्षेत्रको स्वर्गीय वासस्थान हुन् । वसन्त ऋतुमा शिखर वरिपरि फुल्ने लालीगुराँसले यहाँको सौन्दर्य दोब्बर हुन्छ । यसैगरी गुरूङ, मगर, तामाङ, चेपाङ, भुजेललगायत समुदायको रहनसहन, सांस्कृतिक सम्पदा र जीवनशैली छिम्केश्वरीको अर्को विशेषता हो । फेदीका ब्राह्मण, क्षेत्री, नेवार बस्तीले विविधताको समृद्ध तस्बिर पेश गर्छन् । धार्मिक पर्यटनका दृष्टिले पनि छिम्केश्वरी माई र बुढीदेवीको महत्व अपार छ । यो पहाड केवल प्राकृतिक सौन्दर्यको श्रोत मात्र होइन, भविष्यको समृद्धिको आधार बन्न सक्ने खजाना हो । करिब एक दशकअघि मर्स्याङ्दी जलाधार क्षेत्रमा ‘स्मार्ट सिटी’ र छिम्केश्वरीलाई ‘राष्ट्रिय निकुञ्ज’को रूपमा विकास गर्ने बहस भए पनि राज्यको ध्यान नपुग्दा योजना ओझेलमा परेको छ । तर सम्भावना अझै उत्तिकै ताजा छ । फेदीदेखि शिखरसम्मको भौगोलिक संरचना र हावापानीको विविधताले यहाँ विश्वकै सुन्दर राष्ट्रिय निकुञ्ज निर्माणको सम्भावना दिन्छ । त्यसका लागि केही बस्तीलाई व्यवस्थित रूपमा स्थानान्तरण गरी एकीकृत बस्तीको विकास गर्न सकिन्छ । वृक्षारोपणमार्फत जंगल क्षेत्र विस्तार गर्ने, वन्यजन्तुको संरक्षण गर्ने र लालीगुराँसलाई केन्द्रमा राखेर यसलाई विश्वकै सबैभन्दा ठूलो ‘लालीगुराँस बगैंचा’ बनाउन सकिन्छ। त्यससँगै फेदीदेखि मध्यम उचाइसम्म सडक यातायात जोड्ने र माथिल्लो भागलाई पैदल मार्गमार्फत मात्रै पहुँचयोग्य बनाउने योजनाले छिम्केश्वरीलाई ‘हिल स्टेसन’का रूपमा विकास गर्न सक्नेछ । यसरी विकास गर्दा पर्यटकलाई प्रकृतिसँग नजिक गराउने मात्र होइन, स्थानीय उत्पादन र जनश्रमशक्ति प्रयोगमार्फत स्थानीयलाई प्रत्यक्ष लाभ दिलाउन सकिन्छ ।

चुलीमा रहेको भगवती मन्दिरलाई कलात्मक रूपमा पुनर्निर्माण गर्न सके धार्मिक पर्यटकको आकर्षण बढ्नेछ । वरिपरिको जमिन उपयोग गरेर सुन्दर पार्क निर्माण गर्ने, फुलबारी र विश्रामस्थल बनाउने कार्यले यसको महत्व थप बढाउँछ । संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा चुलीमा केही सुविधासम्पन्न रिसोर्ट र पाहुना घर सञ्चालन गर्न सकिन्छ । यस्ता रिसोर्टमा रैथाने बासिन्दाको लगानी र शेयर सहभागिता सुनिश्चित गर्न सकियो भने उनीहरूमा अपनत्व र प्रत्यक्ष लाभको अनुभूति हुनेछ । यसले पर्यटन विकाससँगै सामाजिक सहमति र स्थायित्व पनि ल्याउँछ । छिम्केश्वरी प्रकृतिले दिएको अनमोल उपहार हो । यसलाई केवल दर्शनीय स्थलका रूपमा सीमित नगरी दीर्घकालीन संरक्षण, व्यवस्थापन र योजनाबद्ध विकासतर्फ अघि बढाउन आवश्यक छ । मनोरेल वा केबलकार जस्ता हतारका परियोजनाभन्दा पनि स्थायी र दिगो योजनामा जोड दिनुपर्छ । हामी सबैले मिलेर छिम्केश्वरीलाई राष्ट्रिय निकुञ्जको रूपमा विकास गर्ने, जैविक विविधता संरक्षण गर्ने, धार्मिक र सांस्कृतिक सम्पदालाई पुनर्जीवित गर्ने र पर्यटनमार्फत स्थानीयलाई प्रत्यक्ष लाभ दिलाउने दिशामा अघि बढ्न सके यो पहाड तनहुँ मात्र होइन, सम्पूर्ण देशकै समृद्धिको ‘कोसे ढुङ्गा’ बन्न सक्छ ।

# परिवार नियोजनको सही प्रयोगले मातृ मृत्युदरमा ३0 प्रतिशतसम्म कमी

नेपाल अहिले पनि विश्वका धेरै मातृ मृत्युदर भएका देशमा पर्दछ तर मातृ मृत्युदर कम गर्न परिवार नियोजनका साधनको प्रयोगले सहयोग पुर्‍याउन सक्दछ। यी साधनको प्रयोगले मृत्युदरमा ३० प्रतिशतसम्म कमी ल्याउन सक्ने एक अध्ययनले देखाएको छ । सन् २०२१ को तथ्याङ्कअनुसार नेपालको मातृमृत्यु दरको कम्तीमा पाँच प्रतिशत आमाहरूको मृत्यु गर्भपतनका कारणले हुने गरेको पाइएको छ । त्यसैले परिवार नियोजनका साधनको प्रयोगले यस्तो मृत्युदरमा करिब ३० प्रतिशतसम्म न्यूनीकरण गर्न सकिने सो अध्ययनको निस्कर्ष छ ।

महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी), हेल्थ एन्ड डेभलपमेन्ट सोलुसन र प्रजनन स्वास्थ्य अधिकार कार्य समुह (आरएचआरडब्लुजी)ले संयुक्त रूपमा गरेको ‘परिवार योजनाको आवश्यकता: अझ बढी प्राथमिकता’ शीर्षकको अध्ययनपत्र सार्वजनिक गरेको छ। सो अध्ययन पत्रमा परिवार मातृ मृत्युको न्यूनीकरणका लागि परिवार नियोजनका साधनको प्रयोगका बारेमा उल्लेख गरिएको छ । सन् १९७६ मा नेपालमा परिवार योजनाको प्रयोग दर ३.१ प्रतिशतबाट वृद्धि भएर सन् २००६ सम्ममा आधुनिक गर्भनिरोधका साधनको प्रयोग दर ४४ प्रतिशत र कुनै पनि साधनको प्रयोग दर ४८ प्रतिशत पुगेको थियो ।

त्यसैगरी यसै अवधिमा कूल प्रजनन दर ६.१ बाट घटेर ३.१ मा झरेको थियो। अध्ययनले हाल कुल प्रजनन दरमा निरन्तर कमी भए तापनि गर्भनिरोधका आधुनिक साधनहरूको प्रयोग दरमा आशातित प्रगति नभएको जनाएको छ । बहुसूचक सर्वेक्षण २०२४-२५ को तथ्याङ्कअनुसार गर्भनिरोधका साधनको प्रयोग दर बढ्नुको सट्टा घटेर करिब एक तिहाइअर्थात् ३४ प्रतिशत मात्र भएको देखिएको छ। विशेषगरी विवाहित किशोरीहरु, सुत्केरी र गर्भपतनपछिको अवस्था, केही जातीय समूहहरु सन्तान नभएका दम्पतीहरूमा साधनहरूको प्रयोग दर राष्ट्रिय औसतभन्दा निकै कम छ । साथै, ५० प्रतिशतभन्दा बढी अनिश्चित गर्भ रहेको छ भने गर्भनिरोधका साधनहरूको अपरिपूर्त माग २७ प्रतिशतले उच्च रहेको छ । यही क्रम जारी रहेमा नेपालले दिगो विकासको लक्ष्यमा निर्धारण गरेको गर्भनिरोधका साधनहरूको प्रयोग दर ६० प्रतिशत पुर्‍याउने लक्ष्य र यसैको सेवा सूचनाबाट कोही पनि पछि नपरोस् भन्ने उद्देश्य हासिल गर्न कठिन हुने यस अध्ययनले औंल्याएको छ ।

सन् २०१७ मा डच सरकारको परराष्ट्र मन्त्रालय, नर्वे सरकारको विकास सहयोग एजेन्सी र बेलायत सरकारको आर्थिक अनुदानमा नेपालमा अनिच्छित गर्भ र गर्भपतनसम्बन्धी गरिएको प्रथम राष्ट्रियस्तरको अध्ययनले पनि नेपालको अनिच्छित गर्भको दर धेरै हुनुमा परिवार नियोजनका साधनहरूको उच्च माग रहेकोतर्फ संकेत गरेको छ । यस अध्ययनमा गुडमाकर इन्स्टिच्युटका अन्तर्राष्ट्रिय अनुसन्धानका निर्देशक डा अकिनरिनोला बान्कोलले भन्नुभयो छ, “धेरैजसो गर्भपतनको मुख्य जड नै अनिच्छित गर्भ हो। गुणस्तरीय परिवार नियोजन सेवासँगै परामर्श सेवा तथा सबै प्रकारका साधनहरूको पहुँचमा सुधार गर्नु नै अनिच्छित गर्भ र गर्भपतनको दर घटाउने एउटा प्रमुख उपाय हो ।” अध्ययनकर्ता डा महेश पुरीले नेपालमा जनसंख्या बृद्धि नियन्त्रण गर्ने उद्देश्यले सुरूमा परिवार नियोजन कार्यक्रम ल्याए पनि अबको समयमा यसको कार्यशैली परिमार्जन गर्नुपर्ने बताउनुभयो। “अब जनसंख्या नियन्त्रण हैन, व्यवस्थापन गर्नको लागि कार्यक्रम ल्याउन जरूरी छ”, उहाँले भन्नुभयो, “यदि परिवार नियोजनका कार्यक्रममा निरन्तरता नपाइएको खण्डमा महिला र बच्चाको स्वास्थ्य सुरक्षामा खतरा बढ्दै जान्छ । स्थिति झनै भयाभह हुनसक्छ ।”

सो अध्ययनपत्रमा परिवार योजनाबाट महिला स्वास्थ्य र समष्टिगत विकास, बच्चा, किशोरी र महिलाको स्वास्थ्य, गर्भपतन रोकथाम, वातावरण विनासबाट बचावट, स्वास्थ्य र शिक्षामा लाग्ने खर्च बचाउनका लागि आवश्यक फाइदाहरु पनि उल्लेख गरिएको छ । अध्ययनले वञ्चित हुँदै आएको सरोकारवालाहरु बताउनुहुन्छ। मेरिस्टोपका केपी उपाध्यायले समुदाय स्तरमा परिवार नियोजनका कार्यक्रम पुर्‍याउन निकै चुनौती खेप्नुपरेको अनुभव सुनाउनुभयो । पछिल्लो समय अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले बजेट कटौती गर्दा कतिपय स्थानमा शुल्क लिएर परिवार नियोजनका सामग्री वितरण गर्नुपर्ने बाध्यता आएको सुनाउनुभयो ।

उहाँले पोखरा नगरपालिकाको उदाहरण दिंदै शुल्क लिएको ठाउँमा सेवा प्रदान गर्दा स्थानीयले प्रतिरोध गरेको र निःशुल्क वितरण गरिएका ठाउँमा समुदायको प्रयोगमा रूचि नदेखिएको अवस्था सुनाउनुभयो । “गाउँघरमा पुगेर परिवार नियोजनको कुरा गर्दा जनसंख्या घटेको छ किन प्रयोग गर्नुपर्‍यो भन्छन्”, उहाँले भन्नुभयो, “दातृ निकायले दिएसम्म निःशुल्क साधन वितरण गरेको थियौं, अब त्यो पनि बन्द हुँदै गएको छ ।” अधिवक्ता विनोद श्रेष्ठले अध्ययनका क्रममा स्थानीय तहका स्वास्थ्य केन्द्रमा पुग्दा परिवार योजना कार्यक्रम



पछिल्लो समय जनसंख्या वृद्धि उच्च हुँदै गएको र यसले परिवार नियोजन आवश्यक पर्दैन भन्ने अवधारणा मिथ्या रहेको तथ्याङ्कले पुष्टि गरेको छ । यसमा नेपालमा विगतका दशकहरूमा गर्भ विरोधका साधनहरूको प्रयोग दर र कूल प्रजनन दरमा उल्लेख्य सुधार भएको थियो।

परिवार योजना महिला तथा पुरूषको मौलिक हक हो भनी संयुक्त राष्ट्रसंघको घोषणापत्रहरूमा पनि अङ्गीकार गरिएको छ । त्यस्तै, नेपालको संविधानले संरक्षित महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हकअन्तर्गत सबै प्रकारका गर्भनिरोध साधन र सेवामा सीमान्तकृत गरिबलगायत सबै महिलाको पहुँच स्थापित हुने गरी परिवार नियोजन राष्ट्रिय नीति कार्यनीति, २०६८ मा आवश्यक परिमार्जन गरी अन्य आवश्यक नीति, कानुन, कार्यक्रम, जनशक्ति, बजेटको व्यवस्था गर्न र कार्यान्वयन गराउन अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई २०७० सालको रिट नं डिब्लु-०१९४ उपर मिति २०७४ मा फैसला समेत दिइसकेको छ । यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५ र नियमावली २०७७ लगायत स्वास्थ्य नीति, रणनीति र निर्देशिकाहरूले यसलाई महत्व दिएको छ ।

**परिवार नियोजनका साधन र पहुँचमा अभाव**

परिवार योजना पुरूष र महिलाको मौलिक हक हुँदाहुँदै पनि यसको अधिकार प्रयोग गर्नबाट विभिन्न कारणले नागरिक सुक्दै गएको बताउनुभयो ।

**किन घट्दो परिवार नियोजनमा लगानी?**

परिवार नियोजनका सेवा प्रदानमा स्रोत आपूर्तिका कमि आएको सरोकारवालाहरु बताउँछन् । संयुक्त राज्य अमेरिकाको युएसएडले परिवार योजना र गर्भपतनको बुँदालाई सकारात्मक रूपमा लिने नुहँदा बजेट पार्न चुनौती रहेको परिवार कल्याण महाशाखाका शाखा प्रमुख शर्मिला पौडेलले बताउनुभयो । देशभरि यो साधन प्रयोग गर्ने युवाहरु छन्। आपूर्तिमा परिवार योजनाका साधन प्रयोग गर्ने संख्या घ्दै गएको तथ्याङ्क छ । सरकारले परिवार योजनाको कार्यक्रमलाई समेत ओझेलमा पारेको उहाँले स्वीकार गर्नुभयो। “परिवार योजना जनसङ्ख्यासँग मात्रै नभई अधिकार र स्वास्थ्यसँग समेत जोडिएको महत्वपूर्ण विषय हो”, उहाँले भन्नुभयो ।

पौडेलका अनुसार पहिले युनाइटेड नेशन पपुलेशन फन्ट दातृ निकायले ३२ मिलियन बराबरको समान किनेर नेपाल सरकारलाई दिने गरेकामा अहिले घटेर १.०७ मिलियन मात्रै छ । महाशाखालाई गत वर्ष रू १० करोड विनियोजन भएको थियो भने अहिले बारम्बार अनुरोधका कारण रू १७ करोड बजेट विनियोजन गर्न अपिल गरिएको उहाँले बताउनुभयो।

**जनसंख्या वृद्धि दर कमी हुनुमा बसाइँसराइ र वैदेशिक रोजगार**

नेपालमा जनसंख्यामा कमी हुँदै जानुको कारणहरूमा गर्भनिरोधक साधनहरूको

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आश्वस्त भएर अघि बढ्ने समय छ, पारिवारिक सहयोग मिल्नेछ। धनलाभको संकेत छ ।

**वृष**
मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ। केही खानपिनमा परिवर्तन गरे स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन**
संचार र सामाजिक क्षेत्र सक्रिय रहनेछ। सोसल मिडिया वा नेटवर्किङबाट केही फाइदा मिल्नेछ।

**कर्कट**
घर परिवारमा खुसीको वातावरण बनाउने कार्य हुनेछ। आर्थिक मामिलामा पनि स्थिति बलियो रहनेछ।

**सिंह**
वित्तीय रूपमा महत्वपूर्ण निर्णय लिन सकिने समय छ। व्यवसाय वा लगानीमा सोच-विचारपूर्वक अघि बढ्नुहोस्।

**कन्य**
काम-व्यापारमा सृजनशीलता र दक्षता देखिइ रहनेछ। सहकर्मी वा साझेदारसँग मिलेर अघि बढ्नाले विशेष फल दिन सक्छ।

**तुला**
सन्तुलन र सौन्दर्यप्रेमका लागि राम्रो दिन । रचनात्मक काममा रूचि जग्न सक्छ। व्यक्तिगत सम्बन्धहरु सुमधुर हुनेछ।

**वृश्चिक**
गोप्य योजना वा इन्टरनल सोच-विचार गर्न चाहना बढ्न सक्छ। गहिराइमा गएर अध्ययन वा अनुसन्धानमा समय दिनुपर्ला।

यात्रा, समाज-सम्बन्ध, वा ज्ञान-शिक्षासँग सम्बन्धित शुभ संकेत आइरहेका छन्। किनभने चर्चा-मिलन हुनेछ।

**मकर**
कार्य क्षेत्रमा स्थिरता देखिन्छ। जिम्मेवारी बढ्न सक्छ तर तपाईं सक्षम हुनुभयो भने फलदायी पनि हुनेछ।

**कुम्भ**
नयाँ साथी वा मन पर्ने मानिसको भेट सुखद हुनेछ। मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ।

**मीन**
आध्यात्मिक दृष्टिले बलिलो दिन छ। ध्यान-धारणा र सृजनात्मक काममा समय दिंदा आध्यात्मिक शान्ति मिल्नेछ।

# घट्दै स्तनपान अभ्यास, बढ्दै शिशु स्वास्थ्यमा चुनौती


रासस/कञ्चनपुर

कञ्चनपुरमा स्तनपान गराउने आमाहरूको संख्या क्रमशः घट्दै गएको छ । व्यस्त कार्यतालिका, छोटो मातृत्व बिदा, 'फर्मुला' दूधको बढ्दो प्रयोग, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको आक्रामक विज्ञापन, सहरीकरण, बदलिँदो जीवनशैली तथा शल्यक्रियाद्वारा प्रसूति हुने संस्थाको संख्या बढ्नु यसका प्रमुख कारणका रूपमा देखिएको जनाइएको छ । स्वास्थ्य कार्यालय कञ्चनपुरका जनस्वास्थ्य नर्सिङ निरीक्षक आरती पाण्डेयका अनुसार जिल्लामा शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने आमाको संख्या ८४ दशमलव नौ प्रतिशत रहेको छ भने पूर्ण स्तनपान गराउने आमाको संख्या ५५ दशमलव ११ प्रतिशत मात्रै रहेको छ ।

जिल्लाका नौवटै स्थानीय तहमध्ये पूर्ण स्तनपान गराउने आमाको संख्या सबैभन्दा बढी लालझाडी गाउँपालिकामा ८१ दशमलव ६६ प्रतिशत, दोधारा चाँदनी नगरपालिकामा ६४ दशमलव ६२ प्रतिशत, शुक्लाफाँटा नगरपालिकामा ६१ दशमलव २८ प्रतिशत र पुनर्वास नगरपालिकामा ६१ दशमलव २९ प्रतिशत रहेका छन्। यसैगरी, कृष्णपुर नगरपालिकामा ६० दशमलव ३९ प्रतिशत, बेदकोट नगरपालिकामा ५९ दशमलव ७९ प्रतिशत, भीमदत्त नगरपालिकामा ४५ प्रतिशत, बेलौरी नगरपालिकामा ३८ दशमलव ११ प्रतिशत तथा बेलडाँडी गाउँपालिकामा ४१ दशमलव २३ प्रतिशत आमाहरूले पूर्ण स्तनपान गराउने गरेका छन् ।

सुदूरपश्चिम प्रदेशमा शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने आमाको संख्या ६९ प्रतिशत र पूर्ण स्तनपान गराउने आमाको संख्या ७४ प्रतिशत रहेको छ । आमाको शैक्षिक अवस्थाका आधारमा शिक्षा नभएका ५९ प्रतिशत, आधारभूत तहसम्म अध्ययन गरेका ६१ प्रतिशत र माध्यमिक तह उत्तीर्ण गरेका ५३ प्रतिशत आमाले पूर्ण स्तनपान गराउने गरेका छन् ।

आर्थिक अवस्थाका आधारमा न्यून आर्थिक अवस्था भएका ६४ प्रतिशत, दोस्रो वर्गका ५८ प्रतिशत, मध्यम वर्गका ६१ प्रतिशत, चौथो वर्गका ५४ प्रतिशत र उच्च आर्थिक अवस्था भएका ४४ प्रतिशत आमाहरूले मात्रै स्तनपान गराउने गरेका छन् ।




दूधदानीको प्रयोग गरी शिशुलाई दूध खुवाउने आमाहरूको सङ्ख्या सुदूरपश्चिम प्रदेशमा १५ प्रतिशत रहेको छ। अध्ययनअनुसार शिक्षा प्राप्त नगरेका १२ प्रतिशत, आधारभूत तहसम्म शिक्षा पाएका १४ प्रतिशत, माध्यमिक तह उत्तीर्ण गरेका ३१ प्रतिशत तथा उच्च शिक्षा अध्ययन गरेका ४९ प्रतिशत आमाहरूले बढी दूधदानीबाट शिशुलाई दूध खुवाउने गरेका छन्।

कार्यालयले उपलब्ध गराएको विवरणअनुसार शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराएमा शिशु मृत्युदरलाई १९ दशमलव एक प्रतिशतसम्म रोकथाम गर्न सकिने अध्ययनले देखाएको छ । जन्मेको पहिलो दिन स्तनपान गराउँदा सात दशमलव सात प्रतिशत शिशु मृत्युदर घटाउन सकिने निरीक्षक पाण्डेयले बताउनुभयो । सरकारले शिशु छ महिनाको हुँदासम्म पूर्ण स्तनपान गराउने संख्यालाई हालको ५६ प्रतिशतबाट बढाएर सन् २०३० सम्म ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। स्तनपान संरक्षणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा शिशु पोषण, मातृ स्वास्थ्य तथा दीर्घकालीन बाल विकासमा गम्भीर जोखिम बढ्दै गएको निरीक्षक पाण्डेयले जानकारी दिनुभयो। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ लागू भए पनि व्यवहारमा यसको प्रभाव कमजोर देखिएको उहाँको भनाइ छ ।

"फर्मुला दूधको बढ्दो बजार विस्तार, सहरीकरण, बदलिँदो पारिवारिक संरचना तथा कार्यस्थलको असहज वातावरणका कारण स्तनपान अभ्यास क्रमशः कमजोर बन्दै गएको छ । आमाको दूधको सट्टा कृत्रिम शिशु आहारको प्रयोग बढ्नु अहिलेको प्रमुख स्वास्थ्य चुनौतीका रूपमा रहेको छ । तीन दशकअघि नै कानुनी व्यवस्था भए पनि अनुगमन र कार्यान्वयन प्रभावकारी नहुँदा अपेक्षित सुधार हुन सकेको छैन", नर्सिङ निरीक्षक पाण्डेयको भनाइ छ । यसरी अपर्याप्त स्तनपानका कारण शिशु तथा मातृ स्वास्थ्यमा गम्भीर असर पर्ने जोखिम रहेको जानकारहरु बताउँछन्। स्तनपानलाई प्रभावकारी बनाउन कानुन मात्र पर्याप्त नभई सामाजिक व्यवहार तथा कार्यस्थलको संरचनागत सुधार आवश्यक रहेको बताइन्छ ।

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ का प्रावधानले पनि शिशु आहार उत्पादन तथा वितरणमा कडा नियमनको व्यवस्था गरेको छ। ऐनअनुसार शिशु आहारको विज्ञापन, बिक्री प्रवर्द्धन तथा प्रचारप्रसारमा प्रतिबन्ध लगाइएको छ। साथै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले उत्पादक वा वितरकबाट कुनै पनि प्रकारको उपहार, प्रलोभन वा आर्थिक लाभ लिन नपाइने व्यवस्था छ ।

यसैगरी, उत्पादन बजारमा ल्याउनुअघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट अनिवार्य प्रमाणीकरण गर्नुपर्ने तथा 'लेबल'मा स्तनपानलाई प्राथमिकता दिने सन्देश नेपाली भाषामा स्पष्ट उल्लेख गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । स्तनपानलाई निरुत्साहित गर्ने चित्र, सामग्री वा भ्रामक सूचना प्रयोग गर्न नपाइने व्यवस्था पनि ऐनमा समावेश गरिएको छ । शुक्लाफाँटा नगरपालिका स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्ट बाल कुपोषण न्यूनीकरणका लागि समुदायस्तरमा जनचेतना विस्तार आवश्यक रहेको बताउनुहुन्छ । आमाहरूलाई स्तनपानसँगै छ महिनापछि घरमै तयार गरिने पोषिलो पूरक आहारबारे सही जानकारी दिन जरुरी रहेको उहाँको भनाइ छ ।

स्वास्थ्यकर्मी हरि नाथ फर्मुला दूधको अनियन्त्रित प्रचार रोक्न, कानुनको प्रभावकारी अनुगमन गर्न तथा स्तनपानमैत्री वातावरण निर्माण गर्न स्थानीय तहदेखि नै समन्वित पहल आवश्यक रहेको सुझाव दिनुहुन्छ । स्तनपान संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन, जनचेतना विस्तार तथा कार्यस्थलमैत्री नीतिबिना शिशु स्वास्थ्य सुधार र बाल कुपोषण न्यूनीकरणको लक्ष्य हासिल गर्न कठिन हुने उहाँको धारणा छ ।




# तनहुँको देवघाट वन डढेलोको उच्च जोखिममा

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ जिल्लाका १० स्थानीय तहमध्ये डढेलोका हिसाबले देवघाट गाउँपालिका सबैभन्दा बढी जोखिममा रहेको पाइएको छ । डिभिजन वन कार्यालयका अनुसार पछिल्लो एक दशकको तथ्याङ्कले देवघाटलाई सबैभन्दा संवेदनशील क्षेत्रका रूपमा देखाएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार देवघाट गाउँपालिकामा पछिल्ला १० वर्षमा ४६ पटक वन डढेलो लागेको छ । यो जिल्लाकै सबैभन्दा उच्च हो । उनका अनुसार अन्य स्थानीय तहमा पनि डढेलोका घटना देखिए तापनि देवघाटमा यसको आवृत्ति अत्यधिक रहेको छ ।

व्यास नगरपालिकामा ३४, भानुमा २१, आँबुखैरेनी गाउँपालिकामा २६, ऋषिङमा २९, बन्दीपुरमा १६, घिरिङमा १५, म्याग्दे गाउँपालिकामा १२, शुक्लागण्डकी नगरपालिकामा आठ र भिमाद नगरपालिकामा छपटक डढेलोका घटना भएका छन्। डढेलोका कारण वन क्षेत्रमात्र नभई जैविक विविधता, वातावरणीय सन्तुलन तथा स्थानीय समुदायको जीविकोपार्जनमा समेत प्रत्यक्ष असर पर्ने गरेको छ । वनमा लाग्ने आगोले जडीबुटी, वन्यजन्तु, वनस्पति तथा माटोको उर्वराशक्ति नष्ट गर्ने खतरा बढाउँदै लगेको रानाभाटले बताए ।

डिभिजन वन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा तनहुँका ८४ वटा सामुदायिक वनमा डढेलो लागेको थियो, जसबाट ६६२५ हेक्टर वन क्षेत्र प्रभावित भएको थियो । त्यस्तै, आव २०८०/८१ मा ७१ वटा सामुदायिक वनमा डढेलो लाग्दा १३२२.८ हेक्टर वन क्षेत्र क्षतिग्रस्त भएको थियो ।



वन डढेलो न्यूनीकरणका लागि कार्यालयले जनचेतनामूलक कार्यक्रम, सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय, निगरानी टोली परिचालन तथा पूर्वतयारीका विभिन्न उपायहरु अपनाउँदै आएको जनाएको छ । तर, सुक्खा मौसम, मानवीय लापरवाही र पर्याप्त स्रोत–साधनको अभावका कारण चुनौती कायम रहेको प्रमुख रानाभाटले बताए। उनले वन डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षाकर्मी, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सचेतना र सतर्कता बढाउन आग्रह गरे ।

रानाभाटका अनुसार चरिणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेहरूबाट १५ प्रतिशत, सिकारीबाट सात प्रतिशत, वनभोज क्याम्पफाइरिङबाट सात प्रतिशत, बच्चाहरूबाट खेल्दा छ प्रतिशत, अवैध काठ कटान गर्नेहरूबाट पाँच प्रतिशत, अतिक्रमणकारीबाट पाँच प्रतिशत, खोरिया फडानीबाट पाँच प्रतिशत, गोल पोल्नेबाट चार प्रतिशत, जडीबुटी संकलकबाट तीन प्रतिशत डढेलो लाग्ने गरेको छ ।

# ट्राउट फार्मबाटै ........

प्रकृतिसँग रमाउँदै स्वादिलो ट्राउट माछा चाख्न पाइने यो स्थान अहिले केवल व्यवसायमात्र होइन, आत्मनिर्भरता र प्रेरणाको केन्द्र बनेको सो फार्ममा पुग्ने जोकोही बताउँछन् । यहाँ परम्परागत लिङ्गे, चारपिर्के पिङ, पौडीपोखरीलगायत मनोरञ्जनका सामग्री पनि राखिएका छन् । जसका कारण टिकटकलगायत सामाजिक सञ्जालमा रमाउनेहरु पनि यहाँ आउने गर्छन् । रासस

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

जेठ ०९ गते शनिबार



डा. जयन्ती ज्वारचन
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरुः

१. छाला सम्बन्धी रोगहरू:
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. कुष्ठ (Leprosy) रोग:
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

## नगर जलस्रोत समिति
## व्यास नगरपालिका

दमौली, तनहुँ

### खानेपानी उपभोक्ताहरूका लागि जलस्रोत सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०६**

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ९ स्थित कलेस्ती खोलाको खानेपानी पुलबाट लिफ्टिङ सिष्टमद्वारा खानेपी योजना सञ्चालन गरी व्यास–९ स्थित कुसुमे र ठूलो कुमलगाउँ टोलवस्तीका उपभोक्ताहरूलाई खानेपानी सुविधा पुऱ्याउनका लागि श्री सुर्य बहादुर थापाको अध्यक्षतामा ७ जनाको **श्री कलेस्ती खोला, कुसुमे, कुमालगाउँ लिफ्टिङ खानेपानी उपभोक्ता समिति** गठन गरी व्यास नगरपालिका जोलस्रोत १ लि./से. क्षमताको जलस्रोत उपभोगको अनुमती पाउँ भनि उपभोक्ता समितिको तर्फबाट अध्यक्ष श्री सुर्य बहादुर थापाले मिति २०८३/०२/०१ गते व्यास नगर जलस्रोत समितिमा निवेदन दिनु भएकोले कोही कसैलाई प्रतिकूल असर पर्ने भएमा तत् सम्बन्धी विवरण खुलाई यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र व्यास नगरपालिका जलस्रोत समिति समक्ष निवेदन पेश गर्नु हुनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त म्याद भित्र कुनै प्रकारको दावी विरोध प्राप्त नभएमा नियमानुसार कारवाही अगाडि बढाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

# परिवार ...

प्रयोगमा वृद्धि भएर नभई बसाइँसराइको कारणले धेरै दम्पतीहरु छुटिएर बस्न बाध्य हुनुपरेको अध्ययनले बताएको छ। अध्ययनमा ३५ प्रतिशत विवाहित महिलाका पुरुष बाहिर रहेका छन्। ढिलो विवाह, पढाई र आर्थिक उपार्जनको लागि बच्चा पाउन ढिलो वा एउटा मात्र पाउने लगायतका कारणले जनसंख्या वृद्धि दर घट्दै गएको उल्लेख छ।

त्यस्तै, स्थायी बसोबास गर्ने स्थानलाई गणना नगरी हाल बसोबास गरिरहेको स्थानलाई लिएको छ । कुनै मानिस छ महिनाभन्दा बढी घर बाहिर व्यापार, अध्ययन र रोजगारीको लागि गएका व्यक्तिहरुको संख्या जनगणनामा समावेश नहुँदा पनि जनसंख्या घट्दो देखिएको हो। नेपालमा सन् २०११ को दाँजोमा सन् २०२१ को जनगणनामा जनसङ्ख्या केही कम भएको तर ऋणात्मक भएको होइन भन्ने सो अध्ययनले निचोड निकालेको छ । रासस

# विद्यार्थीलाई कृषि शिक्षा र विषादी सुरक्षित प्रयोगबारे सचेतना

**भञ्ज्याङ समाचारदाता/भिमाद**

कृषि विकास कार्यालय तनहुँले विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत भिमाद नगरपालिका–६ स्थित श्री जनज्योति माध्यमिक विद्यालयमा विद्यार्थीहरूलाई कृषि शिक्षाको अवसर, सम्भावना तथा सुरक्षित कृषि अभ्यासबारे जानकारी प्रदान गर्ने उद्देश्यले सचेतनामूलक कार्यक्रम गरिएको छ ।

कार्यक्रममा नेपालमा कृषि शिक्षाको वर्तमान अवस्था, कृषि क्षेत्रमा उपलब्ध अध्ययन तथा रोजगारीका अवसर, आधुनिक कृषि प्रविधि र कृषि क्षेत्रको भविष्यबारे विद्यार्थीहरूलाई जानकारी गराइएको कार्यायका सूचना अधिकारी किरण परियारले जानकारी गराए । उनका अनुसार कृषिलाई सम्मानजनक र सम्भावनायुक्त पेशाका रूपमा विकास गर्न युवापुस्ताको भूमिका महत्वपूर्ण रहने विषयमा समेत जोड दिइएको थियो ।




त्यसैगरी, बालीनालीमा प्रयोग हुने विषादीको सुरक्षित प्रयोग, त्यसबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने असर, विषादी प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी तथा जैविक एवं सुरक्षित कृषि अभ्यासका विषयमा विद्यार्थीहरूलाई सचेतना प्रदान गरिएको उनले बताए।

कार्यक्रमले विद्यार्थीहरूमा कृषि शिक्षाप्रति रूचि अभिवृद्धि गर्नुका साथै सुरक्षित र दिगो कृषि प्रणालीबारे सकारात्मक सन्देश प्रवाह गरेको सहभागीहरूले बताएका छन् ।

# खुला पुरूष भलिबल प्रतियोगिता अयोजना

**भञ्ज्याङ समाचारदाता/म्याग्दे**

तनहुँको व्यास नगरपालिका वडा नं. ५ र म्याग्दे गाउँपालिका वडा नं. १ का विभिन्न स्थानमा बसोबास गर्दै आएका युवाहरूको पहलमा सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकुद तथा स्वास्थ्यसम्बन्धी गतिविधि सञ्चालन गर्ने उद्देश्यसहित 'द नाइनटिज युवा क्लब' जिल्ला प्रशासन कार्यालय तनहुँमा विधिवत रूपमा दर्ता गरिएको छ।



एक कुमार श्रेष्ठको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति गठन गरिएको छ। नयाँ गठनसँगै युवाहरूको सक्रियतामा खुला वडा स्तरीय प्रथम 'द नाइनटिज पुरूष भलिबल प्रतियोगिता–२०८३' आयोजना गरिने भएको छ ।

प्रतियोगिता व्यास नगरपालिका वडा नं. ५ स्थित निवुवाखोलामा रहेको खेलमैदानमा यही जेठ १५ देखि १७ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ। प्रतियोगिताको मुख्य उद्देश्य स्थानीय युवाहरूको खेल प्रतिभा उजागर गर्नुका साथै व्यास नगरपालिकालाई खेलकुद तथा पर्यटनका माध्यमबाट परिचित गराउनु रहेको क्लबले जनाएको छ।

आयोजकका अनुसार प्रतियोगितामा करिब ४० टिमको सहभागिता रहने अपेक्षा गरिएको छ। टिम दर्ताका लागि सम्बन्धित वडाको सिफारिस तथा क्लबको लेटरप्याडमा खेलाडीको नाम उल्लेख गरी जेठ १४ गतेभित्र इमेल, फेसबुक वा ह्वाट्सएपमार्फत पठाउनुपर्नेछ। दर्ता शुल्क रू. ३,५०० तोकिएको छ।

प्रतियोगितामा प्रथम पुरस्कार रू. ३३,३३३ सहित ट्रफी, मेडल र प्रमाणपत्र, द्वितीय पुरस्कार रू. २२,२२२ सहित ट्रफी, मेडल र प्रमाणपत्र तथा तृतीय पुरस्कार रू. ११,१११ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने बताइएको छ । साथै विभिन्न विधामा उत्कृष्ट खेलाडीहरूलाई पनि ट्रफी तथा मेडलद्वारा सम्मान गरिने आयोजकले जनाएको छ।

कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न आर्थिक व्यवस्थापन, प्रचार–प्रसार, मञ्च व्यवस्थापन, यातायात, अतिथि सत्कार तथा समग्र कार्यक्रम व्यवस्थापनका लागि विभिन्न उपसमितिहरु गठन गरिएको जनाइएको छ ।

क्लबका अध्यक्ष एक कुमार श्रेष्ठले युवाहरूलाई संगठित गर्दै खेलकुदमार्फत समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने लक्ष्य रहेको बताएका छन् ।

# देवघाटधामको पहिचान र संस्कृति समेटिएको स्थानीय पाठ्यक्रममा

**भञ्ज्याङ समाचारदाता/देवघाट**

तनहुँको देवघाट गाउँपालिकाले देवघाटधामको पहिचान, संस्कृति र भूगोललाई समेटेर स्थानीय पाठ्यक्रम लागू गरेको छ । पालिकाको पहिचान, संस्कृति र भूगोललाई उजागर गर्ने उद्देश्यले गाउँपालिकाले आधारभूत तह (कक्षा १–५ र ६–८) का लागि 'हाम्रो देवघाट' नामक पाठ्यक्रम चालु शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याएको जनाएको छ । उक्त पाठ्यक्रम गाउँपालिकाभित्रका ३५ वटै सामुदायिक विद्यालयमा अध्यापन गराइनेछ । पाठ्यक्रममा देवघाटको ऐतिहासिक तथा धार्मिक महत्व, स्थानीय पर्यटकीय स्थल, जनजीवन, वनस्पति तथा यहाँका जातजातिका संस्कारलाई प्राथमिकताका साथ समेटिएको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिए।

गाउँपालिकाका प्रवक्ता एवं वडा ५ का अध्यक्ष पूर्णबहादुर कुँवरले शिक्षालाई जीवनोपयोगी बनाउन र देवघाटको समग्र चिनारीलाई शैक्षिक माध्यमबाट प्रवर्द्धन गर्न पाठ्यक्रमले महत्व राख्ने बताए । उनले भने, "स्थानीय आवश्यकता र विशेषतालाई समेटेर पाठ्यक्रम तयार गरिएको छ । जसले विद्यार्थीलाई अपनत्व बनाउन प्रेरित गर्नेछ ।"

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**facebook twitter**



**Dil Nisani Magar**
facebook.com/dilnisani.magar

प्रधानमन्त्री बालेन्द्र साहलाई नेपाली जनताको सार्वभौम संसदमा बोलाएको हो। बालाजु बसपार्कतिरको कुनै दोहोरी साँझमा बोलाएको हैन। हर्क साम्पाङले आफ्ना प्रश्नहरूको जवाफ प्रधानमन्त्रीसँग मागेका हुन्, कुनै फेन्सी दोकानको मालिकसँग उधारो सर्ट–पाइन्ट मागेका हैनन्। हुन त आजभोलि हरेक प्रश्नको जवाफ च्याटजिपिटीले दिने गरेको छ। तर जवाफ दियो भन्दैमा च्याटजिपिटीलाई नै देशको प्रधानमन्त्री मान्न सकिँदैन।

यदि व्यक्तिगत स्वार्थ नै चाहने हो भने, बालेनसँग भेट्न, काँध जोडेर फोटो खिच्न र ग्वाम्मै अँगालो हालेर चोचोमोचो मिलाउन हर्क साम्पाङलाई कुनै तिथिमिति जुराउनु पर्दैन। तर संगीत बिनाको गीत, माझी बिनाको डुङ्गा र प्रधानमन्त्री बिनाको संसद बैठकको कुनै अर्थ रहँदैन भन्ने कुरा हर्क साम्पाङलाई थाहा छ। काम गरे पुग्छ, भाषण किन गर्नु पर्यो भन्नेहरु पनि छन्। त्यसो हो भने संसद बैठक पनि किन आयोजना गर्नु पर्यो? रास्वपाका माननीयहरूको बौद्धिकता टिकटक लाइभमा हेरिएकै छ, यिनको देश निर्माणको योजना युट्युबमा सुनिएकै छ।

आफूले मत दिएर प्रधानमन्त्री बनाएको बालेनलाई संसदमा खोज्नुपर्ने त रास्वपाकै माननीयहरूले हो। तर एकबारको जुनीमा सपनामा पनि नचिताएको पद तिनीहरूलाई गुमाउनु छैन। त्यसैले तिनीहरूले हर्क साम्पाङलाई निलम्बनको धम्की दिँदैछन्। कुनै अन्तर्राष्ट्रिय महिलालाई गैरकानुनी भुँडी बोकाउँदा निलम्बन हुनु पर्दैन, एसपीलाई घिसार्छु भन्दा निलम्बन हुनु पर्दैन, खुलेआम ऐलानी जग्गामा घर बनाएको छु भन्दै गर्जिँदा निलम्बन हुनु पर्दैन। तर लोकतान्त्रिक राज्यमा प्रधानमन्त्रीको खोजी संसद बैठकमा गर्दा निलम्बन हुनुपर्छ भने, हर्क साम्पाङ त्यसको लागि पनि तयार हुनुपर्छ।

महिला माननीयहरूको अगाडी शरीरको लुगा खोलेर घ्याम्पो जत्रो पेट देखाउनेहरु, गर्धनमा निलो खादा ओढेर किसिम–किसिमका उत्तेजक पोजिशनमा नाराबाजी गर्नेहरू सामान्य प्लेकार्ड देख्दा झरी पर्दाको बिजुलीको हाईटेन्सनझैं चम्किनु पर्दैन ।

# तनहुँका पत्रकारद्वारा हस्ताक्षर संकलन

**भञ्ज्याङ समाचारदाता/दमौली**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरूद्ध नेपाल सरकारको पछिल्लो कदम तत्काल सच्चिनु पर्ने माग राख्दै तनहुँका पत्रकारले हस्ताक्षर संकलन गरी विरोध जनाएका छन्।

नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष डिपी अधिकारीको अध्यक्षतामा आयोजित कोण सभामा बोल्दै तनहुँका पत्रकारहरूले वर्तमान सरकारले निजी संचारमाध्यममाथि लगाएको अंकुश कुनै पनि अवस्थामा मान्य नहुने बताएका हुन् । मुलुकको संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता विपरितको कार्यमा स्वयं वर्तमान सरकार अग्रसर रहेको प्रति पत्रकारहरूले विरोध जनाएका हुन्।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाएर राज्यले आफ्नो निरंकुश सत्ता टिकाउने योजना बनाएको अनुभूति भएको नेपाल पत्रकार महासंघ तनहुँ शाखा निवर्तमान अध्यक्ष उज्वल पौडेल र पूर्व अध्यक्ष डम्बर अधिकारीले बताए ।

राजाको कालखण्डमा समेत नगरेको दमन अहिलेको सरकारले गरेकोप्रति नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले कडा आन्दोलनको कार्यक्रम अघि सार्नुपर्नेमा जोड दिइएको छ ।




वर्तमान सरकारले निजी संचारमाध्यममाथि लगाएको हस्तक्षेपको विरूद्ध अन्तर्राष्ट्रिय क्षेत्रको समेत ध्यानाकर्षण गराउन आवश्यक रहेको नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष डिपी अधिकारीले बताए ।

हस्ताक्षर संकलन कार्यक्रममा नेपाल पत्रकार महासंघ पूर्व अध्यक्ष ओमकार आचार्य, महासंघ तनहुँ शाखा सल्लाहकार नारायण खड्का, प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश सचिव सन्त नेपाली, प्रेस चौतारी तनहुँका अध्यक्ष विवि श्रेष्ठ लगायतका पत्रकारको उपस्थिती रहेको थियो।

पत्रकार महासंघ तनहुँका कोषाध्यक्ष पूर्ण विकेले सहजिकरण गरेको कोण सभापछिको हस्ताक्षर संकलन कार्यक्रममा तनहुँका पत्रकारहरूले हस्ताक्षर गरी सरकारको कदम सच्चिनु पर्नेमा जोड दिएका थिए ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४